औरही नगरपालिका
दर्ता नं. २८
मिति २०७८।४।४

# राष्ट्रिय किताबखाना (निजामती) को
# सम्पत्ति विवरण बुझाउने सम्बन्धी
# सूचना

सरकारी सेवामा कार्यरत कर्मचारीहरूले राष्ट्रिय किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश किताबखाना (सात वटै प्रदेश) मा तोकिएको म्यादभित्र सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था भएको देखिन्छ । कर्मचारीहरूले सम्पत्ति विवरण कुन-कुन निकायमा बुझाउने भन्ने द्विविधा देखिएको हुँदा देहायमा उल्लेख भएका कर्मचारीहरूले तपसिलमै उल्लेख भएको निकायमा सम्पत्ति विवरण बुझाउनु पर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| **राष्ट्रिय किताबखानामा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व भएका कर्मचारीहरू** | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ प्रदेश किताबखानामा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व भएका कर्मचारीहरू** |
|---|---|
| १. लोक सेवा आयोग वा अन्तर्गतका कार्यालयहरूबाट विभिन्न समयमा खुल्ला तथा बढुवा सिफारिस भएका संघीय कर्मचारीहरू | १. लोक सेवा आयोग वा अन्तर्गतका कार्यालयहरूबाट वि.सं. २०७६ मा **स्थानीय तह**को पदका लागि भनी विज्ञापन भई सिफारिस भएका स्थानीय तहमा कार्यरत रहेका कर्मचारीहरू |
| २. समायोजन ऐन, २०७५ अनुसार संघमा समायोजन भएका सम्पूर्ण कर्मचारीहरू | २. समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भई तत् पश्चात **प्रदेश तथा स्थानीय कानून बमोजिम** स्तरवृद्धि/ तह वृद्धि / बढुवा भएका कर्मचारीहरू |
| ३. समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका तर प्रदेश वा स्थानीय तहको कानून बमोजिम स्तरवृद्धि/ तह वृद्धि / बढुवा नभएका कर्मचारीहरू | ३. प्रदेश तथा स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरूका हकमा स्वास्थ्य सेवा विभागबाट भएको स्तरवृद्धि/ तह वृद्धि / बढुवा भएका कर्मचारीहरू समेत |
| ४. प्रदेश तथा स्थानीय तहमा संघबाट कामकाज तथा काजमा खटिएका कर्मचारीहरू | ४. प्रदेश लोक सेवा आयोगबाट प्रदेश तथा स्थानीय तहका लागि सिफारिस भई नियुक्त भएका सम्पूर्ण कर्मचारीहरू |

**नोट:**

- *असाधारण वा अध्ययन बिदामा रहेको वा अस्पतालमा भर्ना भई वा अशक्त भई बिदामा रहेको वा नेपाल सरकारको निर्णयबाट कुनै तालिम, अध्ययन, सम्मेलन वा वार्ताको लागि बिदामा रहेको वा काज खटिएकोमा त्यस्तो बिदा वा काज समाप्त भई सम्बन्धित कार्यालयमा हाजिरी हुनुपर्ने मितिले ३० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्नेछ।*
- *प्रत्येक प्रदेश किताबखानाले सम्पत्ति विवरण बुझाएका कर्मचारीहरूको विवरण Excel Sheet मा तयारी पारी सम्पत्ति विवरण बुझाउने म्याद समाप्त भएपछि राष्ट्रिय किताबखाना (निजामती) मा उपलब्ध गराउनुपर्नेछ।*